सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७८/०७९
चलानी नं. :- ६२१

**बिषय : कृषि विकास कार्यक्रम(पकेट/ब्लक) का लागि प्रस्ताव आव्हानको सूचना ।**

सूचना नं.: ०२/०७८-०७९

सूचना प्रकाशित मिति : २०७८/०७/०८ गते

उपरोक्त सम्बन्धमा सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखा को आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना(PMAMP) अन्तर्गत गत आ.व. मा स्थापना भएका कृषि र पशुतर्फका साना व्यावसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रमहरुको निरन्तरताको लागि निम्न बाली बस्तुहरुमा ५०% लागत साझेदारीमा सञ्चालन गर्नु पर्ने भएकोले गत आ.व. मा छनौट भएका साथै कार्यक्रम सञ्चालनमा सहभागी भएका ईच्छुक कृषक समूह/कृषि सहकारी/बन उपभोक्ता समिति/कृषि फार्महरुले अनुसूची -१० को ढाँचा अनुसारका प्रस्तावित कार्यक्रम र तपशीलका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन(मिति २०७८/०७/०८ मिति २०७८/०८/०५ गतेसम्म) भित्र प्रस्ताव सहितको निवेदन यस कृषि विकास शाखामा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दर्ता नभएमा वा रित नपुगी पेश हुन आएका प्रस्तावहरु उपर कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशील**

| सि.नं. | कार्यक्रमको नाम | लक्ष्य | तोकिएको बाली बस्तु | साझेदार संस्था | बिनियोजित रकम रु. | पकेट कार्यक्रमका न्युनतम आधारहरु |
|---|---|---|---|---|---|---|
| १. | राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली बस्तुको साना व्यावसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम सञ्चालन । | २<br>१ | २ नं. वडामा प्लाष्टिक घरमा तरकारी खेती र ७ नं. वडामा तरकारी खेती<br>६ नं. बाख्रापालन | कृषक समूह/कृषि सहकारी /बन उपभोक्ता समिति/ कृषि फार्महरु | १२ लाख<br>७ लाख | परिच्छेद-४ को दफा ४.१.४ मा उल्लेख भए अनुसार क्षेत्रफल हुनुपर्ने र ४.१.५ मा निरन्तरता उल्लेख भएनुसार |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

(१) रु. १० को हुलाक टिकट टाँस गरेको अनुसूचि -१० अनुसारको प्रस्तावित कार्यक्रम सम्बन्धित संस्थाको बैठकबाट निर्णय भएको निर्णय सहितको निवेदन प्रस्ताव ।
(२) गत आ.व. मा सञ्चालन गरिएको कार्यक्रमहरुको प्रगति बिवरण तोकिएको फर्मेट अनुसारको प्रमाणित प्रति ।
(३) संस्था दर्ता/नविकरण भएको दर्ता प्रमाण पत्र तथा नविकरण पछिल्लो समयको तिरेको करचुक्ता, स्थायी लेखा नम्बर(प्यान) प्रमाणपत्रको प्रतिलिपी ।
(४) सम्बन्धित संस्थाले प्रस्ताव दर्ता र सम्बन्धित काम गर्न अख्तियारी प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी र संस्थाको निर्णय प्रतिलिपी।
(५) आगामी आ.व. २०७८/०७९ मा कार्यक्रम सञ्चालन गर्ने सदस्यहरुको सम्पर्क नम्बर सहितको संस्थाको बैठक प्रतिलिपी ।
(६) सम्बन्धित पकेट सञ्चालन समन्वय समितिको बैठकको निर्णय प्रतिलिपी र वडा कार्यालयको सिफारिस पत्र

बिस्तृत जानकारीको लागि सिद्धलेक गाउँपालिका कृषि विकास शाखामा सम्पर्क गर्न हुन ।

सम्पर्क व्यक्तिहरु - श्री छबिलाल गुरुङ्ग - ९८५११९०४१८, श्री इरिसा पाटामगर -९८६८८३६८८१ श्री सन्तोष श्रेष्ठ - ९८६०५१८०८५

२०७८।८।७

.........................
नन्दलाल शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

सूचना प्रविधि शाखा - वेभसाईटमा अपलोड गरिदिनु हुन ।